# जयपृथ्वी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**चैनपुर, बझाङ्ग**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

## साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र तथा गैरसरकारी संघ संस्थाको लागि आशय पत्र आह्वान सम्बन्धि सूचना

तेस्रो पटक सूचना प्रकाशित मिति : २०८०।०८।१७

जयपृथ्वी नगरपालिकाले कृषि तथा पशु विकासको क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघ-संस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन ऐन २०८०" तथा साझेदारी कार्यक्रम संचालन कार्यविधि २०८०, कार्यान्वयनमा ल्याएको छ। यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०८०/८१ देखि शुरु हुने गरी बहु-वर्षीय कृषि र पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजि तथा गैर सरकारी क्षेत्रका ब्यक्ति / संस्थाहरुबाट यो सूचना तेस्रो पटक प्रकासित भएको मितिले १५ दिन भित्र आसय पत्र पेश गर्न आह्वान गरिएको छ। यस सम्वन्धी विस्तृत विवरण यस नगरपालिकाको वेवसाईट www.jayaprithvimun.gov.np बाट डाउनलोड गर्न वा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ। योग्यता नपुगेका, आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न नगरपालिका जवाफदेही हुने छैंन।

**आशयपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरुः**

१. आशयपत्र पेश सम्बन्धी निवेदन,
२. आशय पत्रको फारम,
३. संस्थाको दर्ता, नविकरण पत्र (आ.व.२०८०/०८१), करचुक्ता (आ.व.२०७९/०८०), अघिल्ला तीन (३) आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),
४. स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र,
५. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र,
६. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल- एक (१) प्रति,
७. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियारी प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी- एक (१) प्रति,
८. संस्था कालो सूचीमा नपरेको स्व-घोषणा पत्रको सक्कल- एक (१) प्रति,
९. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)
१०. विगत सात (७) वर्षको अवधिमा काम गरेको अनुभव र स्थानको विवरण। व्यक्तिगत आशयपत्र दाताको हकमा विगत चार (४) वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण
११. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण

**अम्मरराज जोशी, प्रमुख प्रशासकीय अधिकृत**